## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०३

मिति २०७९/०३/०६

आज मिति २०७९/०३/०६ गते दिनको १:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री तिल बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ६) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ९) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १०) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| ११) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| १२) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १४) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०३/०६** **वैठक संख्या ०३**

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. वडा अध्यक्षलाई मोटर साईकल सुविधा दिने सम्बन्धमा ।
३. नविकरणीय उर्जा कार्यक्रम सम्बन्धमा ।
४. नीति, कार्यक्रम तथा बजेट स्वीकृत सम्बन्धमा ।
५. आर्थिक ऐन, विनियोजन ऐन, आर्थिक सर्वेक्षण स्वीकृत सम्बन्धमा ।
६. गाउँपालिका गौरवका योजनाहरु छनौट सम्बन्धमा ।
७. पशुपंक्षी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
८. हेफर संस्थासँगको सम्झौता सम्बन्धमा ।
९. निर्माणाधिन गाउँपालिका अस्पताल सम्बन्धमा ।
१०. गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका २०७९ स्वीकृत सम्बन्धमा ।
११. स्वरोजगार उद्यम विकास कोष सम्बन्धमा ।
१२. राष्ट्रिय परिचयपत्र दर्ता अभियान खर्च सम्बन्धमा ।
१३. योजना फरफारक सम्बन्धमा ।
१४. विधेयक तर्जुमा गर्ने सम्बन्धमा ।
  क) शिक्षा विधेयक
  ख) कृषि तथा पशुपंक्षी विधेयक
  ग) सुशासन विधेयक
  घ) पूर्वाधार विकासलाई व्यवस्थापन गर्ने बनेको विधेयक
  ङ) लेखा समिति सञ्चालन (नियमावली) विधेयक
  च) सार्वजनिक खरिद नियमावली संशोधन विधेयक
  छ) भूमि विधेयक
  ज) देवघाट गाउँपालिकाको विभिन्न समिति गठन एवं सञ्चालन सम्बन्धि कार्यविधि, २०७८ (प्रथम संशोधन २०७९)
  झ) देवघाट गाउँसभा सदस्यले पाउने सुविधा सम्बन्धि नियमावली, २०७७ (प्रथम संशोधन २०७९)
१५. विपद व्यवस्थापन समिति गठन सम्बन्धमा ।
१६. विविध
  क) मतदाता नामावली संकलन सम्बन्धि कार्यक्रम
  ख) मालपोत कार्यालयको सूचना पत्राचार सम्बन्धमा ।
  ग) सोच (Vision) संशोधन सम्बन्धमा ।
  घ) गाईघाट सिंच्याङ्ग सडक मर्मत गर्ने सम्बन्धमा ।
  ङ) पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न सिफारिस गर्ने सम्बन्धमा ।
  च) आर्थिक सहयोग सम्बन्धमा ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु:**

१. यस भन्दा अगाडी कार्यपालिका वैठकहरुबाट भएक निर्णयहरुको कार्यान्वयनको प्रगति समीक्षा गरियो ।

२. सवारी चालक अनुमती-पत्र नभएका वडा अध्यक्षहरुलाई सवारी चालक अनुमती-पत्र भएको चालक राखी मोटरसाइकल चलाउन एक/एक मोटरसाइकल उपलब्ध गराउने तर चालकको पारिश्रमिक गाउँपालिकाबाट भुक्तानी नहुने वडा अध्यक्ष स्वयंले व्यवस्थापन गर्ने निर्णय गरियो ।

३. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रमको बजेट रु. ८,००,०००.०० मध्येबाट वडा नं. ४ सिंच्याङ्ग स्वास्थ्य चौकीमा सौर्य उर्जा जडान गर्ने र बाँकी रकमबाट २० वाटको घरायसी सौर्यउर्जा खरिद गरी विपन्न वर्गलाई प्राथमिकताको आधारमा क्रमश: अनुदानमा उपलब्ध गराउने निर्णय गरियो ।

४. देवघाट गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरियो र उक्त नीति, कार्यक्रम तथा बजेट गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

५. आर्थिक ऐन, विनियोजन ऐन र आर्थिक सर्वेक्षण स्वीकृत गरियो र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

६. गाउँपालिका क्षेत्र भित्रका तपसिलका योजना तथा कार्यक्रमहरुलाई जन अपेक्षा तथा आवश्यकता भौगोलिक बनावट, योजनाको प्राथमिकता, गाउँपालिकाको श्रोत साधन, सामाजिक, पर्यटकीय सम्भावना लगायतका दृष्टिकोणले महत्वपूर्ण मानी गाउँ गौरवका योजनाको रुपमा स्वीकृत गरी गाउँपालिकाको उपलब्ध श्रोत साधन तथा संघीय सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समिति समेतको सहयोग र साझेदारीमा एक वर्षिय वा बहुवर्षिय योजनाको रुपमा क्रमश: कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल:**

- कोटा रङ्गशाला, देवघाट - १ कोटा
- छरछरे झरना तथा पर्यटन विकास, देवघाट - १ कोटा
- खाल्टे खेलग्राम, देवघाट - २ खाल्टे
- घण्टाचुली भ्यू टावर पर्यटकीय स्थल देवघाट - १ र २ घण्टाचुली
- जनजाती संग्राहालय, देवघाट - ४ कर्तापं
- ऐतिहासिक प्याउली गढी, देवघाट - ४ डुँडे
- देवघाट-साउने, कर्तापं सडक, देवघाट - ४ र ५
- गाईघाट, काफलडाँडा छिपछिपे सानुभञ्ज्याङ्ग सडक, देवघाट - ४, १, ३ र २
- सुन्तला मार्ग, देवघाट ३
- खाल्टे-मास्दीघाट सडक, देवघाट – २
- देवघाट गाउँपालिका अस्पताल, देवघाट – ५
- साराङघाट देखि ३ नं. वडा कार्यालय जोड्ने मोटर मार्ग
- देवघाट धार्मिक पर्यटन पद मार्ग
- सिंच्याङ्ग पार्लाङ्ग-साराङ्गघाट सोमेश्वर मार्ग
- गाउँपालिका प्रशासकीय भवन

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

७. पशुपंक्षी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम अनुसार दुग्ध उत्पादन तथा संकलन गर्ने चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था र गोहीटार कृषि सहकारी संस्थालाई २५% प्रतिशत लागत साझेदारीमा मेशिन औजार उपलब्ध गराउने निर्णय गरियो ।

८. हेफर प्रोजेक्ट नेपाल, ललितपुरसँग भएको सम्झौताको सम्बन्धमा तपसिल अनुसारको निर्णय गरियो ।

क) हेफर प्रोजेक्ट नेपालले आ.व. २०७७/०७८ मा लिएको पेश्की रु. २५ लाखको खर्च किसानको लागत साझेदारीमा हुनुपर्नेमा नभएकोले बेरुजु देखिएकोमा उक्त रकम लागत सहभागिता नभएपनि फछ्र्यौट गर्ने निर्णय गरियो ।

ख) यस देवघाट गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल, ललितपुरबिच कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन गर्ने सहमती तथा सम्झौता भएकोमा त्यति धेरै रकम गाउँपालिकाले उपलब्ध गराउन नसक्ने समेतको कारणले उक्त परियोजना सञ्चालन नगर्ने र सम्झौता पनि भंग गर्ने निर्णय गरियो ।

९. देवघाट गाउँपालिका वडा नं. ५ घिनाटारमा रहेको सार्वजनिक जग्गामा बनेको कच्ची भवनमा साविक देखि देवघाट स्वास्थ्य चौकी सञ्चालनमा रहेको उक्त स्वास्थ्य चौकीको स्तरोन्नती गरी १० शैयाको अस्पताल बनाउन संघीय सरकारबाट स्वीकृत भएको सोही अनुसार बजेट प्राप्त भएको र DPR तयार गरी बहुवर्षिय ठेक्का लगाई अस्पताल निर्माण कार्य शुरु भएको, मोबिलाईजेसन पेश्की दिइएको हाल रनिङ्ग बिल पेश भएको अवस्था भएकोले उक्त अस्पताल निर्माणको लागि बजेट उपलब्ध गराइदिनको लागि सम्बन्धित निकायलाई पत्र लेखि पठाउने निर्णय गरियो ।

१०. देवघाट गाउँपालिका कार्य सञ्चालन निर्देशिका २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

११. स्वरोजगार उद्यम विकास कोषबाट प्रवाह भएको ऋण (कर्जा) हाल सम्म असुल हुन बाँकी रहेको वडागत विवरण तयार गरी वडा कार्यालयमा पठाउने र वडा कार्यालयबाट असुलीको लागि पहल गर्ने निर्णय गरियो ।

१२. राष्ट्रिय परिचयपत्र दर्ता अभियान अन्तर्गत यस गाउँपालिकाको सबै वडामा काम भएको र उक्त काममा दर्ता गर्ने सेवाग्राहीको सहजीकरण गर्न तोकिएको जनशक्ति भन्दा बढी जनशक्ति आवश्यक भई रुजु र दर्ता अधिकारीमा खटाउनु पर्ने अवस्था भई खटिएका थप जनशक्ति तथा स्वयंसेवकको खाजा तथा खाना खर्च भुक्तानी दिने र थप जनशक्ति/स्वयंसेवकलाई प्रतिदिन रु. ५००/- भुक्तानी दिने निर्णय गरियो ।

१३. योजना फरफारक समितिबाट २०७९ जेष्ठ २२ गते देखि आषाढ ५ गतेसम्म २९ वटा योजना फरफारक भएको पाईयो । कार्य सम्पन्न भएका योजनाहरु यथाशिघ्र फरफारक गर्न कार्य सम्पन्न भएका योजनाहरु वडा कार्यालयहरुबाट आषाढ २० गते भित्र गाउँपालिकामा पठाउने निर्णय गरियो ।

१४. तत्काल तपसिल अनुसारको विधेयक तर्जुमा गर्न आवश्यक भएकोले यथाशिघ्र विधेयक मस्यौदा तयार गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) शिक्षा विधेयक

ख) कृषि तथा पशुपंक्षी विधेयक

ग) सुशासन विधेयक

देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल, २०७४

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

घ) पूर्वाधार विकासलाई व्यवस्थापन गर्ने बनेको विधेयक
ङ) लेखा समिति सञ्चालन (नियमावली) विधेयक
च) सार्वजनिक खरिद नियमावली संशोधन विधेयक
छ) भूमि विधेयक
ज) देवघाट गाउँपालिकाको विभिन्न समिति गठन एवं सञ्चालन सम्बन्धि कार्यविधि, २०७८ (प्रथम संशोधन २०७९)
झ) देवघाट गाउँसभा सदस्यले पाउने सुविधा सम्बन्धि नियमावली, २०७७ (संशोधन विधेयक)

१५. गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा ३ अनुसार तपसिल बमोजिमको गाउँ विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**गाउँ विपद् व्यवस्थापन समिति:**

क) गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा - संयोजक
ख) गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य
घ) सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री मनिराज गुरुङ - (सदस्य)
ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री मीन बहादुर राना मगर - (सदस्य)
च) पूर्वाधार विकास समितिका संयोजक श्री टेक बहादुर आले - (सदस्य)
छ) सामाजिक विकास समितिका संयोजक श्री मित्र लाल गुरुङ - (सदस्य)
ज) आर्थिक विकास समितिका संयोजक श्री पूर्ण बहादुर कुँवर - (सदस्य)
झ) ने.क.पा. एमाले गाउँ कमिटि प्रमुख/प्रतिनिधि - (सदस्य)
ञ) नेपाली काँग्रेस गाउँ कमिटि प्रमुख/प्रतिनिधि - (सदस्य)
ट) ने.क.पा. माओवादी केन्द्र प्रमुख/प्रतिनिधि - (सदस्य)
ठ) ने.क.पा. ए. समाजवादी प्रमुख/प्रतिनिधि - (सदस्य)
ड) राष्ट्रिय प्रजातन्त्र पार्टी प्रमुख/प्रतिनिधि - (सदस्य)
ढ) संघिय समाजवादी पार्टी प्रमुख/प्रतिनिधि - (सदस्य)
ण) उद्योग वाणिज्य संघ देवघाटका अध्यक्ष/प्रतिनिधि - (सदस्य)
त) नेपाल रेडक्रस सोसाईटी देवघाट शखाका सभापति/प्रतिनिधि - (सदस्य)
थ) इलाका प्रहरी कार्यालय देवघाट प्रमुख - (सदस्य)
द) सामाजिक विकास समिति सदस्य-सचिव - (सदस्य)
ध) पूर्वाधार विकास शाखा प्रमुख - (सदस्य)
न) स्थानीय पत्रकार - (सदस्य)
प) नगर प्रहरी प्रमुख - (सदस्य)
फ) वातावरण तथा विपद व्यवस्थापन समितिको सदस्य-सचिव -(सदस्य-सचिव)

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... तनहुँ गण्डकी प्रदेश, नेपाल

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

त्यसैगरी वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरी गाउँपालिकामा जानकारी पठाउन वडा कार्यालयलाई निर्देशन दिइयो ।

**वडा स्तरीय विपद् व्यवस्थापन समिति:**

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरू - सदस्य

ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू - सदस्य

घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू - सदस्य

ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि - सदस्य

च) स्थानीय रेडक्रस, - सदस्य

छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना - सदस्य

ज) वडा सचिव - सदस्य सचिव

१६. तपसिल अनुसारका विषयमा तपसिल अनुसार गर्ने निर्णय गरियो ।

क) मतदाता नामावली संकलन तथा अध्यावधिक गर्ने कार्यक्रम सम्बन्धमा जिल्ला निर्वाचन कार्यालयको पत्रको बारेमा जानकारी भयो । सो सम्बन्धमा वडा कार्यालयले वडावासीको जानकारीको लागि प्रचार-प्रसार गर्ने निर्णय गरियो ।

ख) मालपोत कार्यालय तनहुँबाट प्राप्त भएको पत्र बमोजिम जग्गाको मूल्यांकन गरि सिफारिस गरिदिने सम्बन्धि पत्र बमोजिमको व्यहोरा जानकारी भयो ।

ग) देवघाट गाउँपालिकाको साविकको सोच (Vision) परिवर्तन गरी **"समुन्नत देवघाटको आधार, धार्मिक पर्यटन, कृषि र सम्पन्न पूर्वाधार"** कायम गर्ने निर्णय गरियो ।

घ) गाईघाट सिंच्याङ्ग सडक बिचमा भत्किएर सडक अवरुद्ध भएकोले इष्टिमेट अनुसार मर्मत गर्ने निर्णय गरियो ।

ङ) पूर्ण खोप सुनिश्चित देवघाट गाउँपालिका घोषणा गरिदिनको लागि जिल्ला जनस्वास्थ्य कार्यालय तनहुँमा सिफारिस गर्ने निर्णय गरियो ।

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत